आदरणीय अध्यक्षज्यू,

आदरणीय प्रमुख अतिथिज्यू,

आदरणीय विशिष्ठ अतिथिज्यू,

आदरणीय वडा अध्यक्षज्यु तथा कार्यपालिका सदस्यज्यूहरु,

आदरणीय गाउँ सभा सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

राष्ट्र सेवक कर्मचारीहरु,

पत्रकार मित्रहरु,

सुरक्षाकर्मी।

म, सर्वप्रथम यस देवताल गाउँपालिकाको आ.व. ०८०/०८१ को निति, बजेट तथा कार्यक्रम सहितको अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

नेपाललाई लोकतान्त्रिक गणतन्त्र देश स्थापना गर्नको लागि विभिन्न आन्दोलन (जन आन्दोलन एवंम मधेश अन्दोलन)को क्रममा आफ्नो अमूल्य जीवन बलिदानी गर्नु भएका ज्ञात, अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बिभिन्न आन्दोलनका क्रममा घाईते, बेपता हुनु भएका नागरिक प्रति उच्च सम्मान्न व्यक्त गर्न चाहन्छु ।

स्थानिय सरकार (देवताल गाउँपालिका)को आ.व ०८०/०८१ को नीति, बजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

यो नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको समग्र वर्तमान परिस्थिति, सृजित सबै चुनौतिहरुलाई ध्यानमा राखि गाउँवासीको चाहना, भावना र मांगको आधारमा गा.पा.को स्रोत र साधनको अधिक्तम सदुपयोग गरि राजनैतिक दल, जन प्रतिनिधि, नागरिक समाज एवम अगुवाहरुको राय सुझाव, नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार तथा मधेश प्रदेशको सरकारले निर्दिष्ट गरेको नीति, आर्थिक कार्यविधि २०५५ लगायत प्रचलित ऐन कानुनले दिएको अधिकार भित्र रहि अगामी आ.व. ०८०/०८१ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

## देवताल गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको बारा जिल्लामा अवस्थित देवताल गाउँपालिका मधेश प्रदेशको मिश्रित विशेषता वोकेको गाउँपालिका हो। साविक बडकी फुलवरिया(२-६), पिप्राढी गोठ, दक्षिण झिटकैया, पिपरपाती जब्दी र रौवाही गा.वि.स. मिलेर बनेको यो गाउँपालिका २३.३२ वर्ग कि.मी. मा फैलिएको छ। यो गाउँपालिकामा स्थानीयवासीहरुलाई सर्वसुलभ ढंगले सेवा उपलब्ध गराउने यो गाउँपलिका लाई जम्मा ७ वटा वडामा विभाजन गरिएको छ। यस गाउँपालिकाको पूर्वमा सुवर्ण गाउँपालिका, पश्चिममा कलैया उप महानगरपालिका, दक्षिणमा भारत देशको बिहार

राज्य र उत्तरमा महागढीमाई नगरपालिका संग सिमाना जोडिएको छ। यस गाउँपालिकाको कुल जनसंख्या २५३६१ (जनगणना २०७८ बमोजिम) रहेको छ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

- गाउंपालिकाको भौगोलिक, सामाजिक, स्वास्थ्य, शिक्षा, कृषि, सिचाँइ, आर्थिक, पूर्वाधार, सुशासन, सुरक्षा व्यवस्था, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरुको सन्तुलित र योजनावद्ध रुपले विकास निर्माणका कार्यहरु उत्तरदायी, पारदर्शी, मेहनती र ईमान्दारी पूर्वक मेरा सहयोगी पदाधिकारी एवम कर्मचारी संयन्त्रहरुबाट समृद्ध र विकसित देवताल गाउंपालिकाको निर्माण गर्नेछु ।
- आर्थिक वर्ष २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रमको नारा **"सामूहिक प्रयास, गाउँपालिकाको विकास"** रहेको छ ।
- हाम्रो कार्यकालमा समृद्ध देवतालको आधार खडा गरी उच्च महत्वका साथ कृषि क्षेत्रको विकास, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्रको विकास, भौतिक पूर्वाधार विकास निर्माण, समाजिक विकास, व्यवस्थापन र सुशासनको अनुभूति हुने सेवा प्रवाहका कार्यहरु गरिनेछ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म गाउँपालिकाको नीति तथा कार्यक्रम तर्फ सबैको ध्यान आकर्षण गराउन चाहन्छु।

## १. आर्थिक विकास तर्फ

### क) कृषि तथा पशु

- गाउँपालिका क्षेत्र भित्रको कृषि योग्य जमिनको पहिचान र संरक्षण गर्दै गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन समुदाय, प्रदेश र संघीय सरकारसंगको सहकार्यमा आवश्यक रणनीति बनाई कृषि क्षेत्रमा विकास गरिनेछ।
- प्रत्येक खेत्ती योग्य जमिनमा सिचाईको सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले कृषि विद्युतिकरण कार्य लाई थप विस्तार गरिनेछ।
- गाउँपालिका अन्तर्गत सञ्चालित रहेका हाट बजारहरुलाई व्यवस्थित गरिनेछ।
- यस गाउँपालिका भित्र मकै, धान र गेंहु वालीलाई पकेट क्षेत्रको रुपमा घोषणा गरी समुदाय, सहकारी र संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुलाई आवश्यक पर्ने मौसम अनुसारको बिउ, बेर्ना, मल खाद समयमा उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरिनेछ।
- मत्सय पालन गर्ने कृषकलाई पुराना माछा पोखरीको मर्मत सम्भारमा अनुदान उपलब्ध गराईनेछ ।

- लागत साझेदारीमा माछा पोखरी खन्ने किसानलाई संघीय सरकार एंवम् प्रदेश सरकारले उपलब्ध गराउदै आएको रकममा थप अनुदान गा.पा.बाट उपलब्ध गराईनेछ ।
- कृषि सिचाईको लागि यस गा.पा.बाट निःशुल्क तथा साझेदारीमा स्यालो ट्युवेल उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।
- तरकारी तथा केरा खेति गर्ने किसान लाई गा.पा.को तर्फबाट उचित तालिम र अनुदानको व्यवस्था गरिनेछ ।
- आधुनिक र व्यवसायिक कृषि/पशु फर्म सञ्चालन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।
- कृषिको लागि सबै वडाहरुमा सिचाईको कार्य हेतु तपसिल अनुसारको कार्यक्रमहरु अगाडी बढाईनेछ ।

- बेमौसमि तरकारी खेती गर्न कृषकहरुलाई लागत साझेदारी कार्यक्रमा अनुदान उपलब्ध गराइनेछ ।
- माटो परिक्षणको लागी प्रदेश सरकारबाट समन्वय गरी कार्य अगाडी बढाईनेछ।
- गाउँपालिका क्षेत्र भित्रका कृषकहरुको बर्गीकरणको लागि कृषि परिचय-पत्र उपलब्ध गराईनेछ । यस कार्यक्रमको लागि आवश्यक पर्ने जनशक्ति तथा खर्च रकम संघीय सरकार, प्रदेश सरकार र गा.पा.को सहकार्यमा कृषि विकास तर्फ स्वीकृत कार्यक्रम शिर्षकबाट व्यवस्थापन गरिनेछ ।
- कृषक तथा कृषक समुहहरुलाई समय-समयमा कृषक अवलोकन भ्रमणमा लगिनेछ ।
- पशु नस्ल सुधारका लागि कृत्रीम गर्भाधान सेवा मिसनको रुपमा संचालन एंवम व्यवस्था गरिनेछ।
- व्यवसायिक रुपमा पशु पन्छी पालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाईने छ।
- गा.पा. स्तरबाट एक वटा डेरी निर्माण तथा दुग्ध संकलन केन्द्र निर्माण गरिनेछ।
- पशु आहार उपलब्ध गराउनको लागि हिउँदे तथा वर्षे र बहु वर्षे जातका विउ र बेर्ना पशु उत्पादक किसानहरुलाई निशुल्क वितरण गरि **"देवताल गा.पा.अध्यक्ष पशु आहार मिसन कार्यक्रम"** लाई निरन्तरता दिईनेछ।
- गा.पा. स्तरीय पशु अस्पताल निर्माण गरिनेछ । साथै सोको लागि आवश्यक पर्ने जनशक्ति एंवम उपकरणहरुको व्यवस्था गरिनेछ ।
- पशु स्वास्थ्य उपचार शिविर सञ्चालन गरिनेछ। पशु विमा कार्यक्रम संचालन गरिनेछ।
- पशु स्वास्थ्य सेवा सुरक्षा कार्यक्रम कार्यविधि वनाइ संचालन गरिनेछ ।
- उत्पादन मूलक उद्देश्यले दर्ता भएका तरकारी, फलफूल, गाई, भैसी, बाखा, कुखुरा, सुँगुर, हाँस पालक फार्महरुको व्यवस्थापकलाई गा.पा.को तर्फ बाट बिभिन्न किसिमको सचेतना मुलक कार्यक्रम एवम अवलोकन भ्रमण गराइनेछ। साथै यी व्यवसायिक निर्माण गर्नको लागि गा.पा.संग सम्झौता गरि विषेश अनुदान उपलब्ध गराईनेछ ।

- ❖ कृषि सडक निर्माण कार्यलाई प्राथमिकताका साथ कार्य अगाडी बढाईनेछ।
- ❖ चैते धान खेतिलाई प्रोत्साहन गरिनेछ।
- ❖ गम्हरियाको मैनाहा डिहमा कृषि उपजको भणडारण गृह तथा सित गृह(कोल्ड स्टोर) स्थापना गरिनेछ।

**<u>ख) सहकारी/संघ-सँस्था/उद्योग बाणिज्य/पर्यटन</u>**

- ❖ कृषि विकासमा सामुदायीक सहकारी खेतीलाई प्रोत्साहित गरिनेछ ।
- ❖ सहकारी संस्थाको अनुगमन र नियमन कार्यलाइ व्यवस्थित गरी नितिगत रुपमा थप प्रभावकारी बानाइनेछ ।
- ❖ गा.पा. क्षेत्र भित्र सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सम्बन्धित विषयसंग सम्बद्ध NGO र INGO हरुसंग समन्वय गर्ने निति लिईनेछ ।
- ❖ सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सहकारीको समन्वयमा तथा साझेदारीमा समय-समयमा उत्पादन एंवम सीपमुलक कार्यक्रहरु संचालन गरिनेछ ।
- ❖ रोजगारीकोलागि व्यवसायीक सीप तालिम, उधोग, वित्तीय क्षेत्रबाट रोजगारी सृजना जस्ता कार्यहरु गरिनेछ ।
- ❖ गरिबी निवारणका लागि लघु उद्यम विकास सीपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ व्यवसायित्का तर्फ अग्रसरता एवम व्यवसाय संचालनको लागि उद्यमसिलता तथा वितिय साक्षरता तालिम संचालन गरिनेछ ।
- ❖ सार्वजनिक स्थलहरुको पहिचान गरि पिकनिक पार्क तथा चिल्ड्रेन पार्कहरुको निर्माणको लागि डि.पि.आर. बनाई निर्माण कार्यको प्रक्रिया अगाडी बढाईनेछ ।

## ग) वन तथा भूमि व्यवस्थापन

- ➢ वन समृद्धि कार्यक्रम मार्फत गाउँपालिकामा वन क्षेत्र विस्तार गरिने छ।
- ➢ निजि क्षेत्रमा वृक्षा रोपण गरी वन क्षेत्र विस्तार कार्यलाई प्रोत्साहन गरिनेछ।
- ➢ साझेदारी वन समितिको समन्वयमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- ➢ "एक घर एक रुख" कार्यक्रम गाउँपालिकाबाट संचालन गरिनेछ।
- ➢ ऐलानी जमिन व्यवस्थापन कार्यलाई नीतिगत रुपमा अगाडी बढाईनेछ।जग्गा वर्गीकरण कार्यलाई प्राथमिकतामा राखिनेछ।

## २) समाजिक विकास

### क) शिक्षा

- सामुदायिक विद्यालयहरुको भौतिक निरिक्षण गरि विद्यालयहरुलाई आवश्यक पर्ने जग्गा प्राप्तिको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण कार्यलाई थप प्राथमिकतामा राखिनेछ।
- यस पालिका अन्तर्गत संचालित प्रा.वि, नि.मा.वि र मा.वि.मा माग बमोजिमको शिक्षक र कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- **एक विद्यालय- एक नर्स कार्यक्रम** अन्तर्गत यस पटक ३ वटै मा.वि.मा विद्यालय नर्सको पदपूर्ति गरिनेछ ।
- यस गाउँपालिकाको सामुदायिक विद्यालयबाट SEE मा A Grade तथा A+ Grade ल्याउने सम्पूर्ण विद्यार्थीहरुलाई +2 गर्नलाई आर्थिक सहयोग उपलब्ध गराईनेछ ।
- यस पालिका अन्तर्गतका स्तानतकोत्तर अध्ययनरत छात्राहरुलाई मोबाईल उपलब्ध गराईनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरी छात्राहरुको लागि निःशुल्क रुपमा सेनेटरी किटको व्यवस्था गराईनेछ ।
- सामुदायिक एवम संस्थागत विद्यालयहरुको कक्षा थप(अनुमति) कार्यको लागि स्थलगत अनुगमन निरिक्षण गरि उक्त कार्य अगाडी बढाईनेछ ।
- विद्यालयहरुमा आई.सि.टि. विज्ञान प्रयोगशाला पुस्तकालयको साथै सर्वसुल्लभ शौचालय निर्माण कार्यको  लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- देवताल-४ स्थित रहेको श्री.ने.रा.मा.वि. पिप्राढी-३, हाल देवताल-४ र देवताल ६ स्थित रहेको श्री ने.रा.मा.वि.रौवाही -४, देवताल-६ स्थित विद्यालय लाई प्लस टु संचालनको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- भौतिक रुपमा व्यवस्थित गर्न बाकी रहेका विद्यालयको निर्माण तथा मर्मत लगायतका कार्यलाई निरन्तरता दिईनेछ ।
- शिक्षकको पेशागत विकासलाई मर्यादित बनाई सिकाई, वातावरण सरल, प्रविधि मैत्री बनाउन आवश्यक सामग्री, तालिम, कार्यशाला गोष्ठी जस्ता कार्यहरु गरिनेछ ।
- हरेक मा.वि. र आधआरभुत सामुदायिक विद्यालयमा कम्प्युटर ल्याव र लाईव्रेरीको स्थापना गरिनेछ ।
- यस पालिका अन्तर्गत रहेका मा.वि.मा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क कोचीङ्ग कक्षाको व्यवस्था गरिनेछ ।
- यस पालिकामा विगतदेखि सञ्चालनमा रहेका आसमान नेपाल कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पूर्ण साक्षर गाउँपालिका घोषणा कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

**ख. स्वास्थ्य**

- यस पालिका भित्र बसोबास गर्ने कुनै पनि समुदायका जातजातिमा पर्ने व्यक्तिलाई कडा रोग ( मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, तथा सिकलसेल-एनिमिया रोगहरुको उपचार खर्चको लागि नेपाल सरकारले उपलब्ध गराउदै आएको रकममा थप रकम रु. १०,००० (दश हजार) देखि ५०,०००।— (पचास हजार) गा.पा.बाट आर्थिक सहयोग स्वरुप उपलब्ध गराइनेछ ।
- महिला स्वास्थ्य सेविकाहरुलाई नेपाल सरकारबाट दिदैं आईरहेको सेवा सुविधामा गा.पा.ले थप अतिरिक्त सेवा सुविधाको व्यवस्था गरिनेछ।
- स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र एवम बर्थिङ्ग सेन्टरको लागि चाहिने यन्त्र एवम उपकरण उपलब्ध गराउनुको साथै आवश्यकता अनुसारको थप जनशक्ति पदपुर्ती गरिनेछ ।
- यस पालिका अन्तर्गत जग्गा वा घर भाडाको व्यवस्थापन गरि आर्युवेद र होमियोपैथिक अस्पतालको निर्माण तथा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि एकिकृत स्वास्थ्य सेवा संचालन गरिनेछ।
- देवताल गाउँपालिकाको वडा नं. २ स्थित रहेको आश्रममा समुदायिक स्वास्थ्य ईकाइ स्थापना गरी आम जनताको रगत दिशा पिसाब लगायतका अन्य ल्याब परिक्षणहरु निशुल्क चेक जाँच गर्नको लागि प्याथोलोजि ल्याब सञ्चालन गरिनेछ ।
- एम.वि.वि.एस. (MBBS) वा विषेशज्ञ चिकित्सकको पदपुर्ती गरिनेछ ।
- यस गा.पा. क्षेत्र भित्र सञ्चालित वर्थिङ्ग सेन्टरलाई अझै व्यवस्थित गरि आवश्यक्ता अनुसारको थप बर्थिङ्ग सेन्टर निर्माण गरिनेछ ।
- यस गा.पा. भित्रका डोम समुदायका गाउँवासीहरुलाई निःशुल्क स्वास्थ्य विमा गरिनेछ।
- आँखा शिविर सञ्चालन गरिनेछ।
- महिलाहरुको पाठेघर सम्बन्धी रोग उपचारको लागि निःशुल्क शिविर सञ्चालन गरिनेछ।
- देवताल गाउँपालिका वार्ड नं.७ पिपरपातीमा भर्खरै स्थापना भएको सामुदायिक स्वास्थ्य ईकाईको वडा कार्यालय माथि भवन निर्माण प्रकृया अगाडी बढाईनेछ।
- स्वास्थ्यमा प्रतिकुल असर हुने गरी आईपर्ने माहामारीको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक राहतका कार्यक्रमहरु संचालन गरिनेछ।

**ग) खानेपानी तथा सरसफाई**

- देवताल अन्तर्गतका टोलबस्तीहरुमा जडान गरिएका हैन्ड पम्प बाट निस्किने पानीको गुणस्तर परिक्षण गर्ने कार्य अगाडी बढाईनेछ ।
- एक घर एक चापाकल कार्यक्रम अन्तर्गत गा.पा.को हरेक घर धुरीलाई निःशुल्क स्वच्छ खाने पानीको व्यवस्था मिलाईनेछ ।

- ❖ गाउँपालिकालाई सरसफाई र हरियाली प्रवर्द्धन लागि सम्पूर्ण वडाहरुमा आवश्यक कार्यक्रम गरिनेछ ।
- ❖ प्रत्येक वडामा स्वच्छ खानेपानीको लागि सम्भाव्यता अध्ययन गरि औभरहेड टंकी निर्माणको लागि प्रदेश सरकार र संघीय सरकार लाई अनुरोध गरिनेछ ।

**घ) संस्कृति प्रवर्धन, महिला तथा बालबालिका विकास, लैङ्गिक समानता तथा समाजिक समावेशिकरण**

- ❖ यस पालिका भित्र रहेका मठ, मन्दिर, मस्जिद आदिको संरक्षण, मर्मत सुधार र व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ।
- ❖ विपन्न दलितहरुको आर्थिक, सामजिक, साँस्कृतिक सम्बन्धी कार्यक्रहरु संचालन गरिनेछ।
- ❖ जातीय छुवाछुत एवम भेदभाव विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ महिला, बालबालिका तथा आपाङ्ग आदि समुदायको जिवन स्तर उकास्न आवश्यक्ता अनुसार क्षमता अभिवृद्धि तालिमहरु संचालन गरिनेछ।
- ❖ गा.पा. कार्यालयमा आउन असमर्थ रहेका पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलोमा गएर परिचयपत्र वितरण गरिने व्यवस्था मिलाईनेछ ।
- ❖ बालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ ।

**ङ) युवा तथा खेलकुद**

- ❖ युवा तथा खेलकुद क्षेत्रको विकासको लागि युवा क्लवको प्रवर्द्धन, प्रशिक्षण, अभिमुखिकरण जस्ता तालिम गोष्ठी संचालन गरिनेछ ।
- ❖ विभिन्न खेलकुद आयोजनाको लागि खेलकुद मैदान(रंगशाला) निर्माण गरिनेछ । दक्षिण झिटकैयामा रहेका श्री इन्द्रदेव मा.वि. आम्वाको नाममा दर्ता रहेको २४ कठ्ठा जग्गाको संरक्षण गरी हालको लागि खेल मैदान स्थापना गरिनेछ।
- ❖ विभिन्न प्रकारका खेलकुदहरुको आयोजना गरिनेछ ।

**च) रोजगार व्यवस्थापन**

- ❖ "**गा.पा.अध्यक्ष रोजगार कार्यक्रम**" लाई निरन्तरता दिई सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने अवसर सृजना गरिनेछ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सञ्चालनको लागि यस गा.पा.संग सहकार्य गरि रोजगार सृजना गरि व्यवस्थापन गरिनेछ।
- ❖ रोजगार सृजनाको लागि सामुदायिक सिकाई केन्द्र संचालनमा ल्याईनेछ।

## ३) पूर्वाधार विकास

- ❖ गा.पा.का सबै वडा क्षेत्रहरुमा यातायातको पहुँच पुर्याउन, सडक स्तर वृधि, सडकहरुको अवस्था पहिचान गर्नको लागि "**सडक गुरु योजना**" बनाई आवश्यक व्यवस्थापन गरिनेछ ।

- ❖ कुनै पनि सार्वजनिक पुर्वाधारको निर्माण गर्दा अपाङ्ग मैत्री, बाल मैत्री, जेष्ठ नागरिक मैत्री जस्ता ढाँचामा लगत ईस्टिमेट गरि भवन निर्माण गराईनेछ ।
- ❖ गाउँवासीलाई सर्वसुलभ ढंगले आवतजावत गर्नकालागि नयाँ सडक (New Track) निर्माण गरिनेछ ।
- ❖ प्रत्येक वडाको सडक पक्की गर्नुको साथै नाला समेतको निर्माण गरिनेछ ।
- ❖ पिपरपाती जव्दी देखि वसतपुर जाने पसाह नदीको वीचमा झोलुङ्गे पुलको निर्माण कार्यलाई निरनतरता दिईनेछ।
- ❖ सडकहरुको दाँया-बाँया बृक्षारोपण गरि हरित गाउँपालिका बनाईनेछ ।
- ❖ रमपुर्वा देखि फुलवरिया एवम जव्का देखि भावरा (कलैया उ.म.न.पा) जौड्ने पसाहा नदीको बिचमा पुल निर्माण गर्नको लागि संघीय सरकार र प्रदेश सरकार संग पहल गरिनेछ ।
- ❖ पुल, कल्भर्ट, भौतिक पुर्वाधार निर्माणकोलागि डिपिआरको कार्य अगाडी बढाईनेछ ।
- ❖ गा.पा.को मुख्य-मुख्य चौकमा यात्रु विश्राम स्थल निर्माण गरिनेछ ।
- ❖ विद्यालय तथा स्वास्थ्य संस्थाहरुको भवन, कम्पाउन्ड वालको निर्माण गरिनेछ ।
- ❖ यस पालिका भित्र बसोबास गरिरहेका अति विपन्न आवास विहिन दलित समुदायको लागि व्यवस्थित आवस योजना संचालित गरी भवन निर्माण गरिनेछ ।
- ❖ यस गा.पा. भित्रका मुख्य-मुख्य चौकहरुमा टावर लाईट जडान गरिनेछ।
- ❖ रोवाही स्थित पसाह नदीको बाँध निर्माणको लागि सँघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- ❖ यस गा.पा.को समग्र विकासको लागि पञ्च वर्षिय योजना वनाई लागु गरिनेछ।
- ❖ गम्हरिया देखि बस्तपुर जाने पसाह नदीको बीचमा झोलुङ्गे पोलको निर्माण गरिनेछ।
- ❖ नविकरण उर्जा र वैकल्पिक उर्जाको प्रविधिमा जडानमा जोड दिईनेछ।

## <u>४) वातावरण तथा विपद व्यवस्थापन</u>

- ❖ गाउँ टोल बस्तीबाट निस्केका फोहोरमैलाको व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साईटको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ❖ गा.पा.स्तरीय विपद व्यवस्थापन राहत कोष खडा गरिनेछ ।
- ❖ विपद प्रतिकार्य योजनाको लागि नेपाल रेड क्रस सोसाइटी, नेपाल प्रहरी, ससस्त्र प्रहरी बल, नेपाल आर्मी तथा अन्य सरोकारवाला संघसंस्था समेतको सहकार्यमा विपद प्रतिकार्यको व्यवस्थापन गरिनेछ।
- ❖ फोहोर मैला व्यवस्थापनको लागि वडा स्तरीय खानेपानि तथा सरसफाई स्वच्छता समन्वय समिति, स्थानिय युवा क्लव, संघ संस्था, टोल विकास समिति तथा वस्ती स्तरका समूह समितिहरु संग समन्वय गरिनेछ ।

## ५) सुशासन तथा संस्थागत विकास, सूचना प्रविधि एवम सेवा प्रवाह

- गा.पा. को सम्पूर्ण कामकार्यवाहीमा पारदर्शिता र उत्तरदायित्व कायम गरी सुशासन अभिवृद्धिमा जोड दिईनेछ।
- गा.पा.क्षेत्रभित्र भएका सम्पुर्ण दैनिक Digital गतिविधिहरु (youtube, websites, Facebook) सामाजिक सञ्जालहरुको निगरानी तथा व्यवस्थापनमा जोड दिईनेछ ।
- गा.पा. लाई पूर्णरुपमा डिजिटल तथा अनलाईन बनाउनको लागि चाहिने आवश्यक जनशक्ति, प्रविधि एवमं सफ्टवेयरहरुको व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडा कार्यलयहरुमा राजश्व तिर्ने व्यवस्था मिलाईनेछ । सो को लागि चाहिने जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- यस गा.पा.को गतिविधि, सूचना, सन्देश मूलक सूचनाहरु रेडियो, टिभि, पत्र पत्रिका एवम अन्य सञ्चार माध्यमहरुवाट पत्रकार ज्युहरुको समन्वयमा गरिनेछ ।
- गा.पा.को बिभिन्न निकायको लागि स्वीकृत दरबन्दीमा प्रचलित कानुन बमोजिमको प्रक्रिया अनुसार सेवा करारमा भर्ना भएका कर्मचारीहरुलाई घर विदा, बिरामी बिदा, बिमा एवम सञ्चयकोष कट्टी सुविधाहरुको व्यवस्था गरिनेछ ।
- देवताल गाउँपालिकाको लागि चाहिने स्थाई कर्मचारी प्रदेश सरकार एवम संघ सरकारबाट माग गर्नको लागि समन्वय गरिनेछ ।
- यस पालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको लागि आवश्यक सेवामूलक तालिम, प्रविधीयुक्त तालिम, क्षमता अभिवृद्धि तालिमको साथै समय-समयमा अवलोकन भ्रमण गराईनेछ ।
- गा.पा.को सम्पूर्ण कर्मचारीहरुलाई कार्यक्षमता मूल्याँकनको आधारमा प्रोतसाहित गरिनेछ ।
- राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रोत्साहित गर्न प्रोत्साहन भत्ता र पुरस्कारको व्यवस्था गरिनेछ ।
- अन्तिम लेखा परिक्षणबाट औंल्याएका बेरुजु फर्छ्यौट तोकिएको समयमा गर्ने गराउने तथा बेरुजु कायम हुन आएको पेश्की रकम असुल उपर गरिने तर्फ आवश्यक पहल गरिनेछ ।
- यस गा.पा.का गरिब, विपन्न, असहाय जनताहरुको लागि वर्ष भरीमा प्रत्येक वडाको सिफारिसमा रकम रु. १,५०,०००।- को दरले आर्थिक सहायता रकम उपलब्ध गराईनेछ।
- न्यायिक समितिको सचिवायलय लाई व्यवस्थित बनाई कार्य सञ्चालन गरिनेछ ।
- यस गा.पा.अन्तर्गत रहेका स्वास्थ्य संस्था, विद्यालय तथा सरकारी कार्यालयहरुमा ईन्टरनेट तथा CCTV जडानको कार्य विस्तार गरिनेछ ।
- यस गा.पा.भित्रका बजार क्षेत्रमा CC क्यमेरा जडान कार्य गरिनेछ ।
- सरकारी कार्यालयहरुमा E-हाजिरी (Fingerprint Attendance) जडान कार्यलाई प्राथमिकता साथ अगाडी बढाईनेछ।

- ❖ गा.पा.भित्रका सबै सार्वजनिक कार्यालयहरुमा नागरिक वडा पत्र र सुझाव पेटिका अनिवार्य रुपमा राखिने व्यवस्था मिलाईनेछ ।
- ❖ गा.पा.को गतिविधिहरुलाई सञ्चार माध्यमहरु सँग समन्यव गरि सूचनाहरुलाई प्रवाह गर्ने व्यव्स्था मिलाईनेछ ।
- ❖ यस गाउँपालिकाको सम्पूर्ण सूचनाहरुमा आमजनताको पहुँच पुर्याउन वेवसाईटलाई प्रभावकारी बनाईनेछ ।
- ❖ यस गा.पा.लाई व्यवस्थित एवम प्रभावकारी तरिकाले सञ्चान गर्नको लागि ऐन, नियमावली तथा कार्यविधिहरु बनाई स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।
- ❖ यस देवताल गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यलयहरु एवम सामुदायीक विद्यालयहरुलाई धुम्रपान एवम लागुपदार्थ निषेधित क्षेत्र घोषणा गर्न आवश्यक निति नियम बनाई लागु गरिनेछ।
- ❖ यस गा.पा.को विकासको लागि आवश्यक पर्ने जग्गा, जमिन खरिद गर्नको लागि आवश्यक रकम छुट्याईनेछ।
- ❖ कर्मचारीहरुको स्वास्थ्य बिमाको लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।
- ❖ यस क्षेत्रको आन्तरिक स्रोतको पहिचान गरिनेछ। राजश्व चुहावट नियन्त्रणमा जोड दिईनेछ र जन समुदायलाई कर सहुलियत नीति अवलम्बन गरिनेछ।

## ६) घटना दर्ता, सामाजिक सुरक्षा तथा पञ्जीकरण व्यवस्थापन

- ❖ अनलाईन मार्फत प्रदान गरिदै आईरहेको सामाजिक सुरक्षा भत्तालाई अझै प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- ❖ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता प्राप्तिमा सहज प्रदान गरिने बैंकबाट समन्वय गरी ATM Card को व्यवस्थालाई प्राथमिकता दिईनेछ।
- ❖ जेष्ठ नागरिक (८० वर्ष माथि), पूर्ण अपाङ्गता भएका तथा बैंक सम्म जान असमर्थ लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता घर सम्म पुर्याउने व्यवस्था मिलाईनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता समयमा नै वितरण गर्ने तथा सबै वडाका लाभग्राहीहरुलाई सक्दो छिटो भन्दा छिट्टो वडा स्तरमा नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
- ❖ जेष्ठ नागरिक सुरक्षा आवासको व्यवस्थापन गरिनेछ ।
- ❖ जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ यस गा.पा.क्षेत्र भित्रका असहाय, गरिब, शहिद, विधवा, विपन्न परिवारका छोरीको विवाहमा **"असहाय सँग गा.पा.अध्यक्ष"** कार्यक्रम लागु गरि आर्थिक सहयोग रु. १०,०००।- देखि ५०,०००।- (दश हजार देखि पच्चास हजार सम्म) उपलब्ध गराईनेछ ।

**सभा अध्यक्ष महोदय**

म अब गत आ.व. ०७९/०८० को आय व्यय प्रस्तुत गर्न चाहन्छु।

❖ आर्थिक वर्ष २०७९/०८० को बजेट स्रोतको रुपमा देवताल गाउँपालिकाको आन्तरिक आम्दनी बाट अनुमानित( संशोधन सहित) रकम **रु.६,२९,३१,२९२।५४—(छव करोड उनतिस लाख एकतिस हजार दुई सय बयान्बे रुपैया चौवन पैसा मात्र)** (अल्या तथा घाटा बजेट समेत) संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान (संशोधन सहित) तर्फ **रु.९,३१,००,०००।— (नव करोड एकतिस लाख मात्र)** र प्रदेश सरकारबाट वित्तिय समानिकरण रु. ७३,७२,०००।— (अक्षरेपी त्रिहत्तरी लाख बहत्तरी हजार मात्र), सशर्त अनुदान तर्फ (संघीय सरकारको) संशोधन सहित **रु. १२,५३,४७,०००।—(अक्षरेपी बाह्र करोड तिरपन लाख सैतालिस हजार मात्र)** संघीय सरकारबाट राजस्व बाँडफाँटबाट (संशोधन सहित) प्राप्त हुने रकम रु. ६,१०,००,०००।—(अक्षरेपी छव करोड दश लाख मात्र) संघीय सरकारबाट समपुरक अनुदान तर्फ रु. ९०,००,०००।— (नब्बे लाख मात्र), प्रदेश सरकार बाट समपुरक अनुदान रु.२०,००,०००।—(अक्षरेपी बिस लाख मात्र), संघीय सरकारबाट विशेष अनुदान(संशोधन सहित) रकम रु. १,१०,००,०००।—(अक्षरेपी एक करोड दश लाख मात्र) प्रदेश सरकारबाट विशेष अनुदान रकम रु. ३०,००,०००।—(अक्षरेपी तीस लाख मात्र) समेत गरी आ.व. ०७९/०८० को लागि गाउँपालिकाको कुल रकम रु. ३६,४८,५०,२९२।५४— (अक्षरेपी छतिस करोड अडचालिस लाख पचास हजार दुई सय ब्यानबे रुपैया चौवन पैसा मात्र) बराबरको वजेट विनियोजन भएको मध्ये पुंजीगत तर्फ रकम रु. २,६०,५८,३६९।५२ र चालु तर्फ रकम रु. १७,५४,८२,७०६।७६ खर्च भएको अवस्था रहेको छ।

**सभा अध्यक्ष महोदय**

म अब आ.व. ०८०/०८१ को बजेट प्रस्तुत गर्न चाहन्छु।

❖ आर्थिक वर्ष २०८०/०८१ को बजेट स्रोतको रुपमा देवताल गाउँपालिकाको आन्तरिक आम्दनी बाट (गत आल्या बाहेक) अनुमानित रकम **रु. २५,५०,०००।—(पच्चिश लाख पचास हजार मात्र)** संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ **रु.९,३३,००,०००।— (नव करोड तेतिस लाख मात्र)**, प्रदेश सरकारबाट वित्तिय समानिकरण रु. ६५,७९,०००।— (अक्षरेपी पैसठी लाख उन्नासी हजार मात्र), सशर्त अनुदान तर्फ (संघीय सरकारको) **रु. ११,३३,००,०००।—(अक्षरेपी एघार करोड तेतिस लाख मात्र)** संघीय

सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम रु. ७,००,१४,३००।—(अक्षरेपी सात करोड चौध हजार तिन सय मात्र) संघीय सरकारबाट समपुरक अनुदान तर्फ रु. ८०,००,०००।— (असी लाख मात्र) प्रदेश सरकार बाट समपुरक अनुदान रु.२०,००,०००।—(अक्षरेपी बिस लाख मात्र), संघीय सरकारबाट विशेष अनुदान रकम रु. १,२०,००,०००।—(अक्षरेपी एक करोड विस लाख मात्र) र प्रदेश सरकारबाट विशेष अनुदान रकम रु. ३०,००,०००।—(अक्षरेपी तीस लाख मात्र) समेत गरी आ.व. ०८०/०८१ को लागि गाउँपालिकाको कुल रकम रु. ३१,०७,४३,३००।— (अक्षरेपी एकतिस करोड सात लाख त्रिचालिस हजार तिन सय मात्र) बराबरको वजेट प्रस्तुत गरेको छु । आयको विवरण अनुसूची १ मा राखिएको छ। आन्तरिक आयको विवरण अनुसूची २ मा राखिएको छ। कुल बजेट मध्ये चालु तर्फ रु. १८,८८,९३,३००।- (अक्षरेपी रकम अठार करोड अठासी लाख त्रिरान्बे हजार तिन सय मात्र) र पुँजीगत तर्फ रु. १२,१८,५०,०००।- (अक्षरेपी बाह्र करोड अठार लाख पचास हजार मात्र) बजेट विनियोजन गरेको छु।त्यसैगरी क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ रु. ९,१०,००,०००।-, पूर्वाधार विकास तर्फ रु. ३,९३,००,०००।-, सुशासन तथा अन्तर सम्बन्धी रु ९५,००,०००।-, सामाजिक विकास तर्फ रु. १०,५५,००,०००।- र कार्यालय संचालन तथा प्रशासनिक तर्फ रु. ६,५४,४३,३००।- विनियोजन गरेको छु। बजेट वक्तव्य अनुसूची ३ मा राखिएको छ।

नोटः- सामाजिक सुरक्षाको आय र व्यय यस शिर्षकमा समावेस गरिएको छैन।

अन्त्यमा यस गाउँसभाको आ.व ०८०/०८१ को बजेट अधिवेसनको समुद्घाटन समारोहमा उपस्थित भई यस अधिवेशनको शोभा बढाई दिनुभएकोमा गाउँ सभाका सदस्यज्युहरु, पत्रकार मित्रहरु, सुरक्षा कर्मीहरु एवम उपस्थित राष्ट्रसेवक कर्मचारीज्युहरुलाई पुनः हृदय देखी नै हार्दिक आभार प्रकट गर्दछु ।

सितापती देवी यादव

गाउँपालिका उपाध्यक्ष

धन्यवाद !

# अनुसूची - १

## आर्थिक वर्ष ०८०/०८१ को अनुमानित आय तर्फ

| क.सं. | अनुदान शिर्षक | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को अनुमान | आ.व. ०७९/०८० को संशोधित अनुमान | आ.व. ०८०/०८१ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | आन्तरिक आम्दानी | ७,२४,३६,८७४।३७ (आल्या समेत) | १,५०,००,०००।- (आल्या समेत) | ६,२९,३१,२९२।५४ (आल्या समेत) | २५,५०,०००।- (आल्या बाहेक) |
| २ | नेपाल सरकारबाट प्राप्त अनुदान | | | | |
| क) | सर्शत अनुदान | १४,७६,८४,०००।- | ११,५२,००,०००।- | १२,५३,४७,०००।- | ११,३३,००,०००।- |
| ख) | वित्तिय समानिकरण अनुदान | १०,०५,००,०००।- | १०,६४,००,०००।- | ९,३१,००,०००।- | ९,३३,००,०००।- |
| ग) | विशेष अनुदान | ४२,००,०००।- | २,२०,००,०००।- | १,१०,००,०००।- | १,२०,००,०००।- |
| घ) | समपुरक अनुदान | | ९०,००,०००।- | ९०,००,०००।- | ८०,००,०००।- |
| ३ | संघीय राजश्व बाँडफाँड | ४,२३,७२,९०८।९२ | ७,१४,५३,०००।- | ६,१०,००,०००।- | ७,००,१४,३००।- |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | |
| क) | वित्तिय समानिकरण अनुदान | ६६,७१,०००।- | ७३,७२,०००।- | ७३,७२,०००।- | ६५,७९,०००।- |
| ख) | विशेष अनुदान | ३०,००,०००।- | ३०,००,०००।- | ३०,००,०००।- | ३०,००,०००।- |
| ग) | समपुरक अनुदान | २०,००,०००।- | २०,००,०००।- | २०,००,०००।- | २०,००,०००।- |
| घ) | सशर्त अनुदान | ७५,००,०००।- | | | |
| जम्मा | | ३८,६३,६४,७८३।२९ | ३५,१४,२५,०००।- | ३६,४८,५०,२९२।५४ | ३१,०७,४३,३००।- |

# अनुसूची - २

## आ.व. ०८०/०८१ को अनुमानित आन्तरिक आयको विवरण

| राजश्व शिर्षक नं. | राजश्व शिर्षक | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को अनुमान | आ.व. ०७९/०८० को संशोधित अनुमान | आ.व. ०८०/०८१ को लक्ष्य | आ.व. ०८१/०८२ को अनुमानित लक्ष्य |
|---|---|---|---|---|---|---|
| ११३२२ | सम्पत्ति वहाल तथा पट्टा वापत आयमा लाग्ने कर | | ५,००,०००।- | ३,२२,०००।- | ५,५०,०००।- | - |
| ११३१४ | मालपोत कर | | ५,००,०००।- | १,५७,०७५।- | ६,००,०००।- | |
| ११३२१ | घर बहाल कर | | २,००,०००।- | | २,००,०००।- | |
| १४२१९ | अन्य कर | | ५,००,०००।- | ५,४६,४७५।- | ७,००,०००।- | |
| १४३११ | न्यायिक दण्ड जरिवाना | | ३,००,०००।- | २९,७००।- | ५,००,०००।- | |
| जम्मा | | १४,०२,८७९।०६ | २०,००,०००।- | १०,५५,२५०।- | २५,५०,०००।- | ३०,००,०००।- |